# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) विराटनगर, नेपाल, बैशाख ७ गते, २०८३ साल (अतिरिक्ताङ्क २

## भाग १

कोशी प्रदेश सरकार

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०८३ सालको ऐन नं. २

# कोशी प्रदेश आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

<u>प्रस्तावना</u>ः प्रदेशभित्र स्थापना हुने वा स्थापना भई सञ्चालनमा रहेका आम सञ्चार माध्यमको दर्ता, नवीकरण, नियमन, अनुगमन तथा अभिलेखीकरणको व्यवस्था गर्दै स्वतन्त्र, निष्पक्ष, मर्यादित र नागरिकप्रति जवाफदेही आमसञ्चार माध्यमको विकास र प्रवर्द्धनका लागि आमसञ्चार क्षेत्रसँगको समन्वय एवं सहयोग कायम गर्न र आमसञ्चार क्षेत्रमा क्रियाशील पत्रकार वा जनशक्तिको व्यवसायिक हित अभिवृद्धि गर्न कानूनी व्यवस्था हुन वाञ्छनीय भएकाले,

कोशी प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>ः (१) यस ऐनको नाम "कोशी प्रदेश आमसञ्चार ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u>ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"अध्यक्ष"** भन्नाले प्रतिष्ठानको अध्यक्ष सम्झनु पर्छ।

(ख) **"अनलाइन सञ्चार माध्यम"** भन्नाले प्रचलित कानून बमोजिम वा यस कानून बमोजिम स्थापना हुने वा दर्ता भई पत्रकारिता र सम्पादकीय सिद्धान्त अङ्गीकार गरी इन्टरनेटको माध्यममा संकेत, चिन्ह, अक्षर, आवाज, ग्राफिक्स, भिडियो, एनिमेसन, युट्युव च्यानल तथा विभिन्न बहुमाध्यम (मल्टिमिडिया) को प्रयोग गरी सन्देशमूलक वा विषयगत विचार, सूचना तथा समाचार, तस्बिर, श्रव्य दृश्य उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्ने सञ्चार माध्यमलाई सम्झनु पर्छ।

(ग) **"आमसञ्चार"** भन्नाले समाचार, सूचना तथा सन्देशको उत्पादन वा प्रकाशन तथा प्रसारण गरी आम जनसमुदायमा पुर्‍याउने सञ्चार माध्यमलाई सम्झनु पर्छ।

(घ) **"आमसञ्चार माध्यम"** भन्नाले सूचना तथा सन्देश सम्प्रेषण गर्ने उद्देश्यले स्थापना भई प्रकाशन तथा प्रसारण हुने विद्युतीय, छापा तथा अनलाइन सञ्चार माध्यम सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(ङ) **"आम सञ्चार संस्था"** भन्नाले सञ्चार माध्यम सञ्चालन गर्न स्थापना गरिएको संस्था, फर्म वा कम्पनी सम्झनु पर्छ।

(च) **"इजाजतपत्र"** भन्नाले दफा २१ बमोजिमको इजाजतपत्र सम्झनु पर्छ र सो शब्दले अनुमति पत्र समेतलाई जनाउँछ।

(छ) **"एफ.एम."** भन्नाले भेरी हाई फ्रिक्वेन्सी (भि.एच.एफ.) ब्याण्डको ८७.५ मेगाहर्जदेखि १०८ मेगाहर्जसम्मको फ्रिक्वेन्सीमा गरिने फ्रिक्वेन्सी मोडुलेसन प्रसारणलाई सम्झनु पर्छ।

(ज) **"कार्यक्रम"** भन्नाले श्रव्य वा श्रव्य दृश्यको माध्यमद्वारा प्रसारण हुने जुनसुकै किसिमको कार्यक्रम सामग्री सम्झनु पर्छ।

(झ) **"केबल"** भन्नाले कुनै निश्चित प्रसारण केन्द्रबाट तारको माध्यमद्वारा प्रसारण सामग्रीहरू विभिन्न ग्राहक, सदस्य वा उपभोक्ता समक्ष सिधै त्यस्ता ग्राहक, सदस्य वा उपभोक्ताको घरमा पुऱ्याउने प्रविधि सम्झनु



आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

पर्छ सो शब्दले डाईरेक्ट टु होम (डी.टी.एच.) प्रणालीलाई समेत जनाउँछ।

(ञ) **"छापासञ्चार"** भन्नाले छापाखाना वा भौतिक रुपमा प्रकाशन हुने समाचारपत्र, पत्रपत्रिका, बुलेटिन र यस्तै किसिमको सञ्चार सामग्री सम्झनु पर्छ।

(ट) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ठ) **"पत्रकार"** भन्नाले आमसञ्चार माध्यममा आवद्ध लगानीकर्ता बाहेकका सञ्चार माध्यमबाट प्रकाशन र प्रसारण हुने सामग्री सङ्कलन, लेखन वा सम्पादन गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले सम्पादक, फोटो पत्रकार, क्यामेरा पर्सन, समाचार वाचक, व्यङ्ग्य चित्रकार, भाषा सम्पादक, स्तम्भ लेखक, कार्यक्रम उत्पादक र कार्यक्रम प्रस्तोता वा अन्य यस्तै प्रकारका काम गर्ने जनशक्तिलाई समेत जनाउँछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(ड) **"पत्रपत्रिका"** भन्नाले छापा माध्यमबाट प्रकाशन वा प्रसारण हुने सूचनामूलक, खोजमूलक, समाचारमूलक, मनोरञ्जनात्मक, खेलकुद, साहित्यिक तथा विकासमूलक पाठ्य सामग्री सम्झनु पर्छ।

(ढ) **"प्रतिष्ठान"** भन्नाले दफा ३ बमोजिम स्थापना भएको 'कोशी प्रादेशिक सञ्चार प्रतिष्ठान' सम्झनु पर्छ।

(ण) **"प्रसारक"** भन्नाले कार्यक्रम प्रसारण गर्न इजाजतपत्र प्राप्त सङ्गठित संस्था सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकारका कार्यक्रम प्रसारण गर्न इजाजतपत्र प्राप्त गरेका प्रसारण संस्थालाई समेत जनाउँछ।

(त) **"प्रसारण"** भन्नाले अधिकार प्राप्त व्यक्तिहरूको मात्र पहुँचमा रहने सूचना वा सङ्केतहरूलाई कोडमा स्क्र्याम्बल गरिएको (इन्क्रिप्ट) वा नगरिएको (डिक्रिप्ट), सूचना वा सङ्केतहरू सर्वसाधारण वा निश्चित क्षेत्र वा वर्गका जनताले जानकारी पाउन सक्ने गरी पठाइने श्रव्य वा दृश्य वा श्रव्य र दृश्य दुवै कार्यक्रम,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

डाटा वा सूचनालाई रेडियो फ्रिक्वेन्सी, इन्टरनेट प्रोटोकल वा अन्य यस्तै प्रकारका विद्युतीय माध्यमबाट गरिने प्रसारण सम्झनु पर्छ।

(थ) **"प्रदेश"** भन्नाले कोशी प्रदेश सम्झनु पर्छ।

(द) **"प्रदेश प्रेस रजिष्ट्रार"** भन्नाले दफा ४ को उपदफा (१) को खण्ड (ङ) बमोजिम प्रतिष्ठानको सदस्य-सचिव सम्झनु पर्छ।

(ध) **"प्रेस प्रतिनिधि"** भन्नाले प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(न) **"मन्त्रालय"** भन्नाले सञ्चार क्षेत्र हेर्ने प्रदेश मन्त्रालय सम्झनु पर्छ।

(प) **"सञ्चारकर्मी"** भन्नाले सञ्चार माध्यममा आवद्ध भई काम गर्ने व्यक्ति सम्झनु पर्छ।

## परिच्छेद -२

## प्रतिष्ठानको स्थापना तथा संचालन सम्बन्धी व्यवस्था

३. प्रतिष्ठानको स्थापनाः (१) प्रदेशभित्र आमसञ्चार माध्यम वा आमसञ्चार संस्थाको स्थापना, दर्ता, नवीकरण, नियमन, अनुगमन वा अभिलेखीकरणको व्यवस्था कायम गर्न, स्वतन्त्र, निष्पक्ष, मर्यादित र नागरिक प्रति जवाफदेही आम

सञ्चार माध्यमको विकास र प्रवर्द्धनका लागि आम सञ्चार क्षेत्रसँगको समन्वय एवं सहयोग कायम गर्न तथा आमसञ्चार क्षेत्रको अध्ययन, अनुसन्धान तथा पत्रकार एवं सञ्चारकर्मीको क्षमता अभिवृद्धिका साथसाथै सञ्चारजन्य बिज्ञापनको व्यवस्थापन लगायतका कार्य गर्न कोशी प्रादेशिक सञ्चार प्रतिष्ठानको स्थापना गरिनेछ।

(२) प्रतिष्ठानको नाम "कोशी प्रादेशिक सञ्चार प्रतिष्ठान" रहनेछ।

(३) प्रतिष्ठानको कार्यालय मन्त्रालयमा वा मन्त्रालयले तोकेको स्थानमा रहनेछ।

४. <u>प्रतिष्ठानको गठन</u>: (१) कोशी प्रादेशिक सञ्चार प्रतिष्ठानको गठन देहाय बमोजिम गरिनेछः-

(क) प्रदेश सरकारले नियुक्त गरेको व्यक्ति - अध्यक्ष

(ख) सूचना तथा सञ्चार महाशाखा प्रमुख, मन्त्रालय (पदेन) - सदस्य

(ग) नेपाल पत्रकार महासंघ प्रदेश समितिको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि - सदस्य

(घ) प्रदेश सरकारले नियुक्ति गरेको कम्तीमा तीन महिला सहित

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

सात जना - सदस्य

(ङ) प्रदेश सरकारले नियुक्त गरेको प्रदेश प्रेस रजिष्ट्रार - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिमको प्रदेश प्रेस रजिष्ट्रारको छनौट गरी प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

(क) प्रदेश सचिव, मन्त्रालय - संयोजक

(ख) प्रमुख सचिवले तोकेको प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) पत्रकारिता, सञ्चार वा सूचना प्रविधि वा कानून विषयमा स्नातक उत्तीर्ण गरी कम्तीमा त्यस्तो बिषयसँग सम्बन्धित क्षेत्रमा कम्तीमा ५ वर्ष काम गरेका व्यक्तिहरूबाट एक महिला सहित मुख्यमन्त्रीले तोकेका दुई जना - सदस्य

(घ) सञ्चार हेर्ने महाशाखा प्रमुख, मन्त्रालय -सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको सिफारिस समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(४) छनौट तथा सिफारिसका लागि सिफारिस समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(५) सिफारिस समितिले छनौट सम्बन्धी प्रकृयागत कार्यबिधि तथा बैठक संचालन सम्बन्धी कार्यविधि आफैं निर्धारण गर्नेछ।

५. <u>प्रतिष्ठान संगठित संस्था हुने:</u> (१) कोशी प्रादेशिक सञ्चार प्रतिष्ठान एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ।

(२) प्रतिष्ठानको काम कारबाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) प्रतिष्ठानले व्यक्ति सरह प्रचलित कानून बमोजिम चल अचल सम्पति प्राप्त गर्न, व्यवस्थापन गर्न, उपभोग गर्नका साथै चल अचल सम्पत्तिको बेचबिखन गर्न सक्नेछ।

तर अचल सम्पत्तिको बेचबिखन गर्दा प्रदेश सरकारको सहमति लिनुपर्नेछ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर र प्रतिष्ठान उपर नालिस उजूर परेमा प्रतिरक्षा गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

६. <u>प्रतिष्ठानको बैठक सम्बन्धी कार्यविधि:</u> (१) प्रतिष्ठानको बैठक कम्तीमा वर्षको तीन पटक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ।

(२) अध्यक्षसँग परामर्श लिई प्रतिष्ठानको बैठकमा छलफल हुने विषयको सूचना सदस्य-सचिवले सदस्यहरूलाई बैठक बस्ने समयभन्दा चौबिस घण्टा अगावै जानकारी गराउनु पर्नेछ।

(३) प्रतिष्ठानको बैठकको अध्यक्षता प्रतिष्ठानको अध्यक्षले गर्नेछ।

(४) प्रतिष्ठानको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा प्रतिष्ठानको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) प्रतिष्ठानको बैठकमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(६) प्रतिष्ठानको निर्णय अध्यक्ष र सदस्य-सचिवले अभिलेख राखी प्रमाणित गर्नु पर्नेछ र त्यस्तो निर्णयको अभिलेख प्रति मन्त्रालयमा समेत जानकारी पठाउनु पर्नेछ।

(७) प्रतिष्ठानको बैठकसम्बन्धी अन्य कार्यविधि प्रतिष्ठान आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

७. <u>प्रतिष्ठानको काम, कर्तव्य र अधिकारः</u> प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आमसञ्चार माध्यमको दर्ता, नवीकरण, नियमन, अनुगमन र अभिलेखीकरण गर्ने,

(ख) आमसञ्चार सम्बन्धी प्रदेशस्तरको नीति निर्माणमा सरकारलाई राय परामर्श दिने,

(ग) प्रतिष्ठानको आवधिक योजना स्वीकृत गर्ने,

(घ) प्रतिष्ठानको वार्षिक बजेट तथा बार्षिक कार्यक्रम स्वीकृत गर्ने,

(ङ) सञ्चारकर्मीको पेशागत क्षमता अभिवृद्धिसँग सम्बन्धित कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने,

(च) विज्ञापनको व्यवस्थापन तथा नियमन गर्ने,

(छ) प्रदेशको आमसञ्चार क्षेत्रको विकासका लागि अध्ययन तथा अनुसन्धान गर्ने,

(ज) प्रेस काउन्सीलले जारी गरेको पत्रकार तथा आमसञ्चार सम्बन्धी आचारसंहिता कार्यान्वयन गर्ने, गराउने,

(झ) आमसञ्चार माध्यम र पत्रकारलाई दिइने सहुलियत तथा सुविधाका सम्बन्धमा प्रतिष्ठानले निर्माण गरेको मापदण्डका आधारमा प्रदेश सरकारसँगको सहमतीमा योजना तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(ञ) पत्रकारका लागि परिचयपत्र, अभिलेखीकरण, दर्ता, इजाजतपत्र लगायतका शुल्क निर्धारण गर्न मन्त्रालयलाई सुझाव दिने,

(ट) कोषको संरक्षण तथा व्यवस्थापन गर्ने,

(ठ) यस ऐनको कार्यान्वयन तथा आफ्नो क्षेत्राधिकारका विषयमा अध्ययन अनुसन्धान गरी मन्त्रालयको मन्त्री समक्ष बार्षिक प्रतिवेदन पेस गर्ने,

(ड) प्रदेश सरकारले दिएका राय सुझावको कार्यान्वयन गर्ने गराउने,

(ढ) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।

८. <u>अध्यक्षको योग्यताः</u> देहायको योग्यता पुगेको नेपाली नागरिक अध्यक्ष हुन सक्नेछः-

(क) पैंतालिस वर्ष उमेर पूरा भएको,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण गरी पत्रकारिता, सञ्चार वा सूचना प्रविधि वा कानूनको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको कार्य अनुभव प्राप्त गरेको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(घ) कुनै पनि विषयमा कालोसूचीमा नपरेको र प्रचलित कानूनले अयोग्य नठहरिएको।

९. <u>अध्यक्षको काम, कर्तव्य र अधिकारः</u> अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको अध्यक्षको हैसियतले प्रतिष्ठानको सञ्चालन तथा व्यवस्थापन गर्ने वा सो सम्बन्धी कार्यको सहजीकरण गर्ने,

(ख) प्रतिष्ठानको काम कारबाहीमा समन्वय गर्ने,

(ग) प्रतिष्ठानको काम, कारबाहीको सुपरीवेक्षण गरी आवश्यकता अनुसार प्रदेश प्रेस रजिष्टारलाई आवश्यक निर्देशन दिने,

(घ) तोकिए बमोजिम अन्य काम गर्ने वा गराउने।

१०. <u>सदस्यको योग्यताः</u> देहायको योग्यता पुगेको नेपाली नागरिक सदस्य हुन सक्नेछः-

(क) पैंतिस वर्ष उमेर पूरा भएको,

(ख) मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी पत्रकारिता, सञ्चार वा सूचना प्रविधि वा कानूनको क्षेत्रमा कम्तीमा दश वर्ष वा सोभन्दा बढी कार्य अनुभव प्राप्त

गरेको, वा मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरी पत्रकारिता, सञ्चार वा सूचना प्रविधि वा कानूनको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष वा सोभन्दा बढी कार्य अनुभव प्राप्त गरेको,

तर समावेशीको हकमा मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी आठ वर्षको कार्य अनुभव, वा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरी बाह्र वर्षको कार्य अनुभव भएमा पनि योग्य मानिनेछ।

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(घ) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ङ) कुनै पनि विषयमा कालो सूचीमा नपरेको र प्रचलित कानूनले अयोग्य नठहरिएको।

११. <u>प्रदेश प्रेस रजिष्ट्रारको योग्यताः</u> देहायको योग्यता पुगेको नेपाली नागरिक प्रदेश प्रेस रजिष्ट्रार हुन सक्नेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण गरी पत्रकारिता, सञ्चार वा सूचना प्रविधि वा कानूनको क्षेत्रमा कम्तीमा बाह्र वर्ष वा सोभन्दा बढी कार्य अनुभव भएको,

(ख) पैंतिस वर्ष उमेर पूरा भएको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(घ) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ङ) कुनै पनि विषयमा कालोसूचीमा नपरेको र प्रचलित कानूनले अयोग्य नठहरिएको।

१२. <u>प्रदेश प्रेस रजिष्ट्रारको काम, कर्तव्य र अधिकार</u>: (१) प्रदेश प्रेस रजिष्ट्रार प्रतिष्ठानको प्रशासकीय प्रमुख हुनेछ।

(२) प्रदेश प्रेस रजिष्ट्रारले अध्यक्षसँग कार्य सम्पादन सम्झौता गरेपछि आफ्नो कार्य प्रारम्भ गर्नेछ।

(३) प्रदेश प्रेस रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको प्रशासनिक प्रमुखको रुपमा रही दैनिक कार्य संचालन गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(ख) प्रदेशस्तरका एफ.एम. रेडियो, केबल टेलिभिजन र पत्रपत्रिका सञ्चालनको अनुमतिपत्र प्रदान गर्ने तथा नवीकरण गर्ने

(ग) यस ऐन तथा प्रचलित कानून बमोजिम एफ.एम. रेडियो, केबल टेलिभिजन र पत्रपत्रिकाको वर्गीकरण गर्ने,

(घ) पत्रपत्रिका, अनलाईन सञ्चारमाध्यम, रेडियो, सामुदायिक रेडियो, टेलिभिजन, केबुल टेलिभिजन र केबुल वितरकको अभिलेख राख्ने,

(ङ) अल्पकालीन, वार्षिक तथा दीर्घकालीन योजना तथा वार्षिक कार्यक्रम तर्जुमा गरी अध्यक्ष समक्ष पेस गर्ने,

(च) प्रतिष्ठानबाट स्वीकृत योजना र वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने,

(छ) बजेट खर्च गर्ने, खर्चको लेखा राख्ने र लेखा परीक्षण गराउने,

(ज) पत्रकार, आमसञ्चार संस्था तथा मिडिया कर्मचारीको परिचय पत्र जारी गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(झ) पत्रकार आचारसंहिता कार्यान्वयनको लागि आवश्यक सचेतना कार्यक्रम संचालन गर्ने,

(ञ) प्रतिष्ठानको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ट) अध्यक्ष तथा प्रतिष्ठानले दिएको निर्देशन बमोजिमको कार्य गर्ने,

(ठ) अध्यक्ष समक्ष त्रैमासिक प्रतिवेदन पेस गर्ने,

(ड) आमसञ्चार क्षेत्रको नियमन सम्बन्धी प्रतिवेदन अध्यक्ष समक्ष पेस गर्ने,

(ढ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

१३. <u>पदावधि तथा पुनः नियुक्ति सम्बन्धी व्यवस्थाः</u> (१) अध्यक्ष, सदस्य र प्रदेश प्रेस रजिष्ट्रारको पदावधि चार वर्षको हुनेछ।

(२) उपदफा (१) बमोजिम पदावधि पूरा भएको व्यक्ति सोही पदमा पुनः अर्को एक कार्यकालका लागि नियुक्त हुन सक्नेछ।

१४. <u>सेवा सुविधासम्बन्धी व्यवस्थाः</u> (१) अध्यक्ष वा कुनै सदस्यलाई मन्त्रालयले प्रतिष्ठानको कामका लागि भ्रमणमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

खटाउँदा प्रचलित प्रदेश कानून बमोजिम दैनिक भ्रमण भत्ता, यातायत तथा बास खर्च उपलब्ध गराईने छ।

(२) अध्यक्षले प्रतिष्ठानको कामको लागि भ्रमण गर्नु पर्ने भएमा सम्बन्धित मन्त्रीबाट तथा सदस्य र प्रदेश प्रेश रजिष्ट्रारले प्रतिष्ठानको कामका लागि भ्रमण गर्नु पर्ने भएमा अध्यक्षको सिफारिसमा मन्त्रालयको प्रदेश सचिवबाट भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ र यसरी स्वीकृत भ्रमण आदेश बमोजिम गरिएको भ्रमणको दैनिक भ्रमण भत्ता, यातायात र बास खर्च पाउनेछ।

(३) अध्यक्ष, सदस्य र प्रेस रजिष्ट्रारले प्रचलित प्रदेश कानून बमोजिम मासिक सञ्चार खर्च तथा बैठक भत्ता पाउने छन्।

(४) प्रदेश प्रेस रजिष्ट्रारको पारिश्रमिक तथा अन्य सेवा सुविधा अनुसूची-१ बमोजिम हुनेछ।

१५. <u>पद रिक्त हुने अवस्थाः</u> (१) देहायको अवस्थामा अध्यक्षको पद रिक्त हुनेछः-

(क) अध्यक्षले मन्त्रालयको मन्त्री समक्ष लिखित राजीनामा पेस गरी प्रदेश सरकारले स्वीकृत गरेमा, वा

(ख) निजको पदावधि पूरा भएमा, वा

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(ग) पैसठ्ठी वर्ष उमेर पूरा भएमा, वा

(घ) निजको मृत्यु भएमा, वा

(ङ) फौजदारी कसूरमा अदालतबाट कसुरदार ठहरिएमा।

(२) देहायको अवस्थामा सदस्यको पद रिक्त हुनेछः-

(क) सदस्यले मन्त्रालयको मन्त्री समक्ष लिखित राजीनामा पेस गरी प्रदेश सरकारले स्वीकृत गरेमा, वा

(ख) निजको पदावधि पूरा भएमा, वा

(ग) पैंसठ्ठी वर्ष उमेर पूरा भएमा, वा

(घ) निजको मृत्यु भएमा, वा

(ङ) फौजदारी कसूरमा अदालतबाट कसुरदार ठहरिएमा।

(३) देहायको अवस्थामा प्रदेश प्रेस रजिष्ट्रारको पद रिक्त हुनेछः-

(क) प्रदेश प्रेस रजिष्ट्रारले अध्यक्ष समक्ष लिखित राजीनामा पेस गरी प्रदेश सरकारले स्वीकृत गरेमा, वा

(ख) निजको पदावधि पूरा भएमा, वा

(ग) पैंसठ्ठी वर्ष उमेर पूरा भएमा, वा

(घ) निजको मृत्यु भएमा, वा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ङ) फौजदारी कसूरमा अदालतबाट कसुरदार ठहरिएमा।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष, सदस्य र प्रदेश प्रेस रजिष्ट्रारको कार्यसम्पादन सन्तोषजनक नभएमा मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले जुनसुकै बखत अध्यक्ष, सदस्य र प्रदेश प्रेस रजिष्ट्रारलाई पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेस गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन।

१६. <u>प्रतिष्ठानका कर्मचारी</u>: (१) प्रतिष्ठानका लागि आवश्यक पर्ने कर्मचारी मन्त्रालयले उपलब्ध गराउनेछ।

(२) प्रतिष्ठानले आवश्यकता र औचित्यताको आधारमा निश्चित कार्यका लागि तोकिए बमोजिमको प्रक्रिया पूरा गरी विज्ञ नियुक्त गर्न सक्नेछ।

(३) प्रतिष्ठानको कर्मचारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. <u>कोष सम्बन्धी व्यवस्थाः</u> (१) प्रतिष्ठान सञ्चालनका लागि एक कोशी प्रादेशिक सञ्चार प्रतिष्ठान कोष रहनेछ र त्यस्तो कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) स्थानीय तहबाट प्राप्त रकम,

(घ) कुनै व्यक्ति वा संस्थाबाट सहायता स्वरुप प्राप्त रकम,

(ङ) प्रतिष्ठानले सेवा उपलब्ध गराए बापत प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट कोषमा जम्मा हुने गरी प्राप्त रकम।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन प्रचलित प्रदेश कानून बमोजिम हुनेछ।

(३) प्रतिष्ठानको कोषको सञ्चालन प्रदेश प्रेस रजिष्ट्रार र प्रतिष्ठानको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(४) व्यवस्थापन तथा लेखापरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजम हुनेछ।

## परिच्छेद- ३

## प्रसारण सम्बन्धी व्यवस्था

१८. कार्यक्रमको रेखदेख र सञ्चालनः (१) प्रदेशभित्र सञ्चालन हुने एकसय एक वाट देखि एक हजार वाटसम्मको रेडियो, एफ.एम. र केबल टेलिभिजन तथा स्याटलाईट प्रणालीबाट प्रसारण हुने बाहेकको सञ्चार माध्यमको अनुमति, रेखदेख र सञ्चालनको अधिकार प्रतिष्ठानलाई हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(२) प्रसारण सम्बन्धी आमसञ्चार संस्थाले यस ऐन बमोजिम इजाजतपत्र नलिई कुनै कार्यक्रम प्रसारण गर्नु पाउने छैन।

१९. <u>इजाजतपत्रको लागि निवेदन दिनु पर्नेः</u> एकसय एक वाट देखि एक हजार वाटसम्मको रेडियो, एफ.एम. र केबल टेलिभिजन तथा स्याटलाईट प्रणालीबाट प्रसारण हुने बाहेकको सञ्चार माध्यमबाट प्रसारण गर्न चाहने व्यक्ति वा संस्थाले प्रतिष्ठान समक्ष अनुसूची-२ बमोजिमको निवेदन दिनु पर्नेछ।

२०. <u>निवेदन साथ कागजात संलग्न गर्नु पर्नेः</u> दफा १९ बमोजिमको निवेदन साथ देहायको कागजात संलग्न गर्नु पर्नेछ :-

(क) प्रसारण संस्था दर्ता प्रमाणपत्र र सो को नवीकरण,

(ख) सम्वन्धित संस्थाको विधान,

(ग) संस्था संचालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(घ) अनुसूची-३ बमोजिम निवेदन दस्तुर बुझाएको नगदी रसिद वा तोकिएको राजस्व खातामा जम्मा गरेको बैंक भौचर,

(ङ) प्रसारण केन्द्र रहने ठाँउको नक्सा सहितको विवरण,

(च) इजाजतपत्र लिन खोजेको प्रसारण सम्बन्धी विषयको आर्थिक, प्राविधिक तथा व्यवसायिक कार्ययोजना सहित सम्बन्धित विषयमा पाँच वर्ष अनुभव प्राप्त व्यक्ति वा मान्यता प्राप्त कुनै संस्थाबाट तयार गरिएको विस्तृत अध्ययन प्रतिवेदन समेत संलग्न गर्नु पर्नेछ,

(छ) स्थाई लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र,

(ज) घर वहाल लिएको भए घर वहाल सम्झौता पत्र।

२१. इजाजतपत्र दिन सकिनेः (१) दफा २० बमोजमको निवेदनसाथ प्राप्त बिवरण उपर प्रदेश प्रेस रजिष्ट्रारले आवश्यक जाँचवुझ तथा छानबिन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आवश्यक जाँचवुझ तथा छानविन गरी इजाजतपत्र दिंदा निवेदकलाई तोकिएको सर्तहरू पालना गर्ने गरी कार्यक्रम प्रसारण गर्न अनुसूची- ३

बमोजिमको दस्तुर लिई पैतालिस दिनभित्र इजाजतपत्र दिने निर्णय गर्न सक्नेछ।

(३) इजाजतपत्रको ढाँचा अनुसूची -४ बमोजिम हुनेछ।

(४) यस दफा बमोजिम इजाजतपत्र दिन नसक्ने भए प्रदेश प्रेस रजिष्ट्रारले सो को आधार र कारण खुलाइ निर्णय भएको सात दिनभित्र निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम जानकारी उपर चित्त नबुझ्ने पक्षले जानकारी प्राप्त गरेको मितिले तिस दिनभित्र प्रतिष्ठान समक्ष पुनरावलोकका लागि निबेदन दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम पुनरावलोकनका लागि निबेदन परेको मितिले एक महिनाभित्र प्रतिष्ठानले आवश्यक छानबिन तथा अनुसन्धान गरी निर्णय गर्नु पर्नेछ।

(७) उपदफा (५) बमोजिम प्रतिष्ठानले गरेको निर्णय अन्तिम हुनेछ।

२२. <u>विवरण पेस गर्नु पर्ने:</u> (१) निवेदकले दफा २१ बमोजिमको इजाजतपत्र प्राप्त गरेको एक वर्षभित्र अनिवार्य रुपमा तोकिएका सर्तका अधिनमा रही कार्य गर्ने वा सूचना प्रसारण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रसारण प्रारम्भ हुनु अघि प्रसारण प्रारम्भ हुने दिन, प्रसारण गरिने दैनिक समय तालिका र प्रसारण गरिने कार्यक्रमको विवरण समेत प्रतिष्ठानमा पेस गर्नु पर्नेछ।

२३. <u>प्रसारण केन्द्र स्थापना</u>ः (१) कुनै व्यक्ति वा संगठित संस्था वा संयुक्त लगानीमा व्यक्ति वा संगठित संस्थाले स्याटलाईट टेलिभिजन बाहेकको टेलिभिजन सम्बन्धी प्रसारण केन्द्र स्थापना गरी कुनै कार्यक्रम प्रसारण गर्न चाहेमा अनुमतिको लागि तोकिए बमोजिम कागजात संलग्न गरी तोकिए बमोजिमको ढाँचामा अनुसूची-३ बमोजिमको दस्तुर बुझाइ प्रतिष्ठानमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा प्रतिष्ठानले उक्त निवेदन उपर आवश्यक जाँचबुझ तथा छानबिन गर्दा निवेदकलाई टेलिभिजन प्रसारण केन्द्र स्थापनाको अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्तहरू पालना गर्ने गरी प्रसारण केन्द्र स्थापना गर्न गरी कार्यक्रम प्रसारण गर्न अनुमति प्रदान गर्न सक्नेछ।

(३) अनुमतिपत्रको ढाँचा तोकिए बमोजिम हुनेछ।

२४. <u>नवीकरण सम्बन्धी व्यवस्था</u>ः (१) कार्यक्रम प्रसारण गर्न इजाजतपत्र प्राप्त प्रसारक वा संस्था वा व्यक्तिले देहायका कागजात सहित प्रतिष्ठान समक्ष प्रत्येक वर्षको जेष्ठ

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

मसान्तभित्र अनुसूची-५ बमोजिमको ढाँचामा निवेदन दिई असारमसान्तभित्र नवीकरण गर्नु पर्नेछ।

(क) अघिल्लो आर्थिक वर्षको प्रसारण तथा वितरण शुल्क (रोयल्टी) बुझाएको प्रमाण,

(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्र र लेखा परीक्षण प्रतिवेदन,

(ग) कार्यक्रम प्रसारण सम्बन्धी संक्षिप्त कार्यतालिका तथा संलग्न जनशक्तिको संख्या सहितको संक्षिप्त विवरण,

(घ) ठाउँसारी गरेको भए सोको इजाजत सम्बन्धी प्रमाण।

(२) उपदफा (१) बमोजिम इजाजत पत्रको नवीकरण अनुसूची-३ बमोजिमको दस्तुर लिई अनुसूची-६ बमोजिमको ढाचाँमा प्रदेश प्रेस रजिष्ट्रारले एक आर्थिक वर्षको लागि नवीकरण गरिदिनु पर्नेछ।

(३) यस दफा बमोजिम तोकिएको अवधिभित्र नवीकरण नगर्ने इजाजतपत्रवालाले कारण सहित निवेदन दिएमा अनुसूची -७ बमोजिमको जरिबाना लिई नवीकरण गरीदिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(४) यस दफा बमोजिम नवीकरण नगर्ने प्रसारकको इजाजतपत्र स्वतः खारेज भएको मानिनेछ।

२५. <u>रिले स्टेसन स्थापनाका लागि अनुमति लिनु पर्नेः</u> कुनै प्रसारक वा संस्थाले अन्य प्रदेशमा प्रचलित कानून बमोजिम इजाजतपत्र लिई कार्यक्रम प्रसारण गरेकोमा यस प्रदेशमा समेत ट्रान्समिटर लगायतका उपकरण स्थापना गरी छुट्टै रिले स्टेशनका माध्यमबाट कार्यक्रम प्रसारण गर्न चाहेमा त्यस्तो प्रसारक वा संस्थाले तोकिए बमोजिमको शर्त पालना गर्नु पर्नेछ।

२६. <u>प्रसारणमा रोक लगाउन सकिने</u>ः (१) नेपालको संविधानको धारा ५ र धारा १९ को बर्खिलाप गरेमा प्रसारणमा रोक लगाउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम प्रसारणमा रोक लगाउँदा प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्नु पर्नेछ।

२७. <u>नियमन गर्न सक्ने</u>ः (१) कुनै प्रसारक वा संस्थाले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कार्यक्रम प्रसारण गरेमा प्रदेश प्रेस रजिष्ट्रारले त्यस्तो प्रसारक वा संस्थालाई पहिलो पटक सचेत गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सचेत गराउँदा समेत यस ऐन, यस ऐन अन्तरगत बनेको नियम विपरित कुनै



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

कार्यक्रम पटकपटक प्रसारण गरेमा प्रतिष्ठानले त्यस्तो प्रसारक वा संस्थालाई प्रदेश सरकारबाट प्रदान गरिने विज्ञापन लगायतका सेवा सुविधाबाट वञ्चित गर्ने र आवश्यक कारबाहीको लागि प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ।

२८. प्रसारण तथा वितरण शुल्क (रोयल्टी) सम्बन्धी व्यवस्थाः (१) प्रसारक वा संस्थाले कार्यक्रम वितरण गरी सञ्चालन गर्न चाहेमा वा कार्यक्रम उत्पादन गरी प्रसारण गरेमा आफूले गरेको अघिल्लो आर्थिक वर्षको कुल कारोबारको शुन्य दशमलव एक प्रतिशत रकम प्रसारण तथा वितरण शुल्क (रोयल्टी) प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र प्रदेश सरकारको राजस्व खातामा जम्मा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९. कार्यक्रम उत्पादन तथा प्रसारणः प्रसारक वा संस्थाले कुनै कार्यक्रमको उत्पादन तथा प्रसारण गर्दा देहायका कुरालाई प्राथमिकता दिनु पर्नेछ :-

(क) प्रदेशमा सञ्चालन गरिने कृषि, पर्यटन, शिक्षा, उद्योग, वाणिज्य, विज्ञान र प्रविधि, स्वास्थ्य तथा खेलकुद, परिवार नियोजन र

वन तथा वातावरण संरक्षण लगायत विकासमूलक कार्यक्रम,

(ख) प्रदेशभित्रका जातजाती, भाषा, वर्ग, क्षेत्र, लिङ्ग, तथा धार्मिक सम्प्रदाय बिच समानता, आपसी सदभाव सामन्जस्यता अभिवृद्धि गर्ने किसिमका कार्यक्रम,

(ग) प्रदेशभित्रका विभिन्न मातृभाषा, साहित्य र सास्कृतिक उत्थानमा समेत सहयोग पुर्याउने कार्यक्रम,

(घ) राष्ट्रिय हित र राष्ट्रिय एकतामा अभिवृद्धि गराउने कार्यक्रम,

(ङ) कानूनी सचेतना तथा नैतिक जागरण वृद्धि गर्ने विषयका कार्यक्रम,

(च) सामाजिक चेतना बढाउने र लोकतान्त्रिक मूल्य, मान्यता एवं संस्कारको विकास गराउने किसिमका कार्यक्रम,

(छ) अन्तर प्रदेश र छिमेकी मुलुक तथा मित्रराष्ट्रसँगको सम्बन्धमा प्रतिकूल प्रभाव नपार्ने विषयका कार्यक्रम,

(ज) प्रदेशको बिकास र सम्बृद्धि सम्बन्धी उत्प्रेरक बिषय सम्बन्धी समाचार,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(झ) प्रदेशभित्रको लोक गीत र लोक संस्कृतिको प्रवर्द्धन हुने कार्यक्रम,

(ञ) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा भए गरेका महत्वपूर्ण गतिविधि,

(ट) विभिन्न जातजातिको मातृभाषाको पत्रपत्रिका, छापा तथा अनलाइनमार्फत प्रकाशन प्रसारण गर्ने,

(ठ) प्रदेशभित्रका भौतिक, जैविक तथा प्राकृतिक र वैज्ञानिक खोज अनुसन्धान सम्बन्धी कार्यक्रम।

३०. <u>सामग्री प्रसारण गर्न बन्देजः</u> (१) प्रसारण संस्थाले देहाय विषयको सामग्री प्रसारण गर्न गराउन हुदैनः-

(क) अश्लिल तथा कुनै व्यक्तिको मञ्जुरी बिना निजको पारिवारिक तथा सामाजिक पक्षसंग सम्बन्धित सामग्री,

(ख) राज्य विरुद्धको हिंसात्मक गतिविधिलाई बढावा दिने सामग्री,

(ग) जनमानसमा अस्वभाविक भय, डर, हिंसा, झुट्टा अफबाह फैलाउने लगायत आतङ्क पैदा गर्ने प्रकृतिका सामग्री,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(घ) राज्यका परराष्ट्र नीति विपरीतका सामग्री,

(ङ) कुनै पनि जातजाति, भाषा, धर्म, लिङ्ग, वर्ग र संस्कृतिलाई अवहेलना गर्ने तथा द्वेष उत्पन्न गर्ने सामग्री,

(च) हिंसालाई बढावा दिने वा कसैको अपमान तथा बेइज्जत हुने प्रकृतिका सामग्री।

(छ) सामाजिक बिकृति तथा तोकिएका अन्य बिषयहरू सम्बन्धी सामग्री।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचनको समयमा सम्बन्धित राजनीतिक दलले निर्वाचन आयोगको अनुमति लिई कुनै पनि राजनैतिक दललाई आफ्नो घोषणापत्र, कार्यक्रम लगायतको जानकारी गराउन यस दफाले बन्देज लगाएको मानिने छैन।

३१. <u>प्रसारकको काम, कर्तव्य र अधिकार</u>: प्रसारक वा संस्थाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफू समक्ष प्राप्त हुन आएका सूचना, समाचार, लेख वा कार्यक्रमको सत्यता बारे आवश्यक छानबिन गरी निर्धारित समयमा प्रसारण गर्ने, गराउने,

(ख) निष्पक्ष र तथ्यमा आधारित समाचारको सम्पादन तथा प्रसारण गर्ने, गराउने,

(ग) सार्वजनिक सुरक्षा नैतिकता र सामाजिक मर्यादामा आँच आउने किसिमका कार्यक्रम प्रसारण गर्न, गराउन नहुने,

(घ) कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा विभेदलाई बढवा दिने प्रकृतिका सामाग्री प्रसारण गर्न वा गराउन नहुने,

(ङ) लापरवाही वा हेलचेक्र्याईपूर्वक कुनै पनि विषय प्रसारण गर्न वा गराउन नहुने,

(च) कुनै विवादास्पद विषयमा प्रसारण गर्नु परेमा वस्तुनिष्ठ र यथार्थपरक ढंगबाट विश्लेषण गरी वस्तु स्थितिलाई नबंग्याई प्रसारण गर्नु पर्ने,

(छ) गलत तथा भ्रामक समाचार तथा अन्य सामग्री प्रसारण गर्न नहुने,

(ज) प्रसारक वा संस्थाले तोकिए बमोजिम अन्य कार्य गर्ने।

३२. <u>फ्रिक्वेसी सम्बन्धी व्यवस्था</u>: फ्रिक्वेन्सी सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ।

३३. <u>प्रसारण माध्यमको वर्गीकरण</u>: (१) प्रतिष्ठानले प्रदेश भित्रको प्रसारण माध्यमलाई सार्वजनिक सेवा प्रसारक,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

सामुदायिक प्रसारक र निजी एवं व्यापारिक प्रसारकको रुपमा वर्गीकरण गर्न सक्नेछ।

(२) उपधारा (१) बमोजिमको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३४. <u>ठाउँसारी तथा नामसारी सम्बन्धी व्यवस्थाः</u> (१) यस ऐन बमोजिम इजाजत प्राप्त प्रसारक वा संस्थाले ठाउँसारी गर्नु परेमा तोकिए बमोजिम दस्तुर बुझाइ तोकिए बमोजिमको ढाँचामा प्रतिष्ठान समक्ष निवेदन दिनु पर्नेछ।

(२) कुनै प्रसारक वा संस्थाको प्रचलित कानून बमोजिम स्वामित्व परिवर्तन गर्नु परेमा तोकिए बमोजिमको दस्तुर बुझाई निर्धारित ढाँचामा प्रतिष्ठान समक्ष निवेदन दिनु पर्नेछ।

(३) यस ऐन बमोजिम इजाजत प्राप्त गरी सञ्चालनमा रहेका प्रसारक वा संस्थाले इजाजतपत्र वा लाइसेन्समा नाम, थर, ठेगाना जस्ता सामान्य विवरण परिवर्तन गर्नु परेमा तोकिए बमोजिमको दस्तुर बुझाइ विवरण परिवर्तनको लागि निवेदन दिएमा प्रतिष्ठानले विवरण परिवर्तन गर्न सक्नेछ।

(४) ठाउँसारी तथा नामसारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३५. <u>क्षमतावृद्धिस सम्बन्धी व्यवस्थाः</u> (१) यस ऐन बमोजिम इजाजत प्राप्त गरी सञ्चालनमा रहेका प्रसारक वा संस्थाले

प्रसारण क्षमता वृद्धि गर्न चाहेमा तोकिए बमोजिमको निवेदन दस्तुर बुझाइ निर्धारित ढाँचा एवं कागजात सहित प्रतिष्ठान समक्ष निवेदन पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको फ्रिक्वेन्सी उपलब्ध भएमा प्रदेश प्रेस रजिष्ट्रारले तोकिएबमोजिमको कार्यबिधि पुरा गरी र दस्तुर लिई क्षमता वृद्धि गरिदिन सक्नेछ।

३६. <u>कलसाइन परिवर्तन सम्बन्धी व्यवस्थाः</u> (१) यस ऐन बमोजिम इजाजत प्राप्त गरी सञ्चालनमा रहेका प्रसारक वा संस्थाले इजाजतपत्रमा उल्लिखित कलसाइन परिवर्तन गर्न चाहेमा तोकिए बमोजिमको दस्तुर बुझाइ तोकिए बमोजिमको कागजातसहित प्रतिष्ठान समक्ष निवेदन पेस गर्नु पर्नेछ।

(२) कलसाइन परिवर्तन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४

## <u>पत्रपत्रिका तथा अनलाईन सञ्चार माध्यम सम्बन्धी व्यवस्था</u>

३७. <u>पत्रपत्रिका, छापासञ्चारको काम गर्ने संस्थाले दर्ता गर्न सक्नेः</u>

(१) पत्रपत्रिका र छापासञ्चारको काम गर्न इच्छुक संस्थाले दर्ता गर्न चाहेमा विवरण खुलाइ प्रतिष्ठानमा दर्ताका लागि निवेदन दिन सक्नेछन।

(२) उपदफा (१) बमोजिम निवेदन दिने संस्थालाई प्रतिष्ठानले कागजात उपर आवश्यक जाँचबुझ तथा अध्ययन गरी तोकिए बमोजिम प्रकिया पूरा गरी दर्ता गर्न सक्नेछ।

(३) प्रचलित कानुन बमोजिम दर्ता भइ सञ्चालनमा रहेका पत्रपत्रिका र छापासञ्चार संस्थाले यस ऐन बमोजिम अभिलेखीकरणका लागि प्रतिष्ठानमा निवेदन दिनु पर्नेछ र यसरी निबेदन दिएमा त्यस्ता पत्रपत्रिका र छापासञ्चार संस्थालाई तोकिए बमोजिमको प्रकिया पूरा गरी प्रतिष्ठानले अभिलेखीकरण गर्न सक्नेछ।

(४) पत्रपत्रिका र छापासञ्चार माध्यमको दर्ता, नवीकरण र अभिलेखीकरण सम्बन्धी अन्य व्यवस्था प्रतिष्ठानले निर्धारण गरे बमोजिम हुनेछ।

३८. <u>अनलाइन सञ्चार माध्यमको दर्ता गर्न सक्नेः</u> (१) दर्ता नगरी अनलाईन सञ्चालन गर्न पाइने छैन।

(२) अनलाइन सञ्चार माध्यमले प्रतिष्ठानमा दर्ता गर्न चाहेमा तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको विवरण खुलाइ प्रतिष्ठानमा दर्ताका लागि निवेदन दिन सक्नेछन।

(३) उपदफा (२) बमोजिम निवेदन दिने व्यक्ति वा संस्थालाई प्रतिष्ठानले कागजात अध्ययन गरी अनलाइन सञ्चार माध्यम दर्ता गर्न सक्नेछ।

(४) अनलाइन सञ्चार माध्यमलाई प्रतिष्ठानले दर्ता किताब र विद्युतीय अभिलेखमा राख्नु पर्नेछ।

(५) प्रचलित कानून बमोजिम दर्ता भएका अनलाइन सञ्चार माध्यमले यस ऐन बमोजिम अभिलेखीकरण लागि प्रतिष्ठानमा निवेदन दिई प्रतिष्ठानमा अभिलेखीकरण हुन सक्नेछन।

(६) अनलाइन सञ्चार माध्यमको दर्ता, नवीकरण र अभिलेखीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-५

## सञ्चार माध्यमसम्बन्धी अन्य व्यवस्था

३९. विशेष सुविधाः (१) महिला, आदिबासी जनजाति, दलित, मधेसी, मुस्लिम, थारु, पिछडावर्ग, अपाङ्गता भएका व्यक्तिले सञ्चालन गरेका, दुर्गम क्षेत्रका एवं विभिन्न राष्ट्र भाषामा सञ्चालित सञ्चार माध्यमलाई प्रतिष्ठानले विशेष सहुलियत वा सुबिधा उपलब्ध गराउन सक्नेछ।

(२) कोशी प्रदेशभित्रका महिला, सीमान्तकृत आदिबासी जनजाति, दलित, पिछडा वर्ग, मधेसी, मुस्लिम, थारु, विपन्न खस आर्य र अपाङ्गता भएका व्यक्तिले पत्रकारिता विषयमा अध्ययन गर्न चाहेमा मापदण्ड बनाई

प्रतिष्ठानले त्यस्ता व्यक्तिका लागि छात्रवृत्तिको व्यवस्था मिलाउन सक्नेछ।

४०. <u>स्थानीय तहको जिम्मेवारीः</u> (१) स्थानीय तहले सम्बन्धित स्थानीय तहमा दर्ता भएका प्रसारक वा सञ्चार संस्थाहरूको विवरण प्रतिष्ठानमा पठाउनु पर्नेछ।

(२) स्थानीय तहले प्रसारक वा सञ्चार संस्थालाई वितरण गरेको विज्ञापन बापतको कर बाहेकको रकममा एक प्रतिशत पत्रकार कल्याण कोष बापतको रकम कट्टा गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम कट्टा गरिएको रकम सम्बन्धित स्थानीय तहले पत्रकार कल्याण कोषमा पठाउनु पर्नेछ।

(४) स्थानीय तहले आफ्नो सूचना, विज्ञापन र कार्यक्रमको प्रकाशन तथा प्रसारण गर्नुपर्दा प्रदेशभित्रका सञ्चार माध्यमलाई प्राथमिकता दिनु पर्नेछ।

४१. <u>गाभिन सक्ने व्यवस्थाः</u> (१) प्रदेशभित्र संचालनमा रहेका प्रसारक वा सञ्चार संस्थाहरू स्रोत साधनको अभावले गर्दा सञ्चालन गर्न कठिनाई भएमा एक भन्दा बढी सञ्चार संस्था गाभिन सक्नेछन। यसरी गाभिने संस्थालाई प्रतिष्ठानले प्रोत्साहन प्रदान गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(२) सञ्चार संस्था गाभिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

४२. <u>विज्ञापन सम्बन्धी व्यवस्थाः</u> (१) प्रदेशभित्रका लोककल्याणकारी, सूचनामूलक, सन्देशमूलक सबै प्रकारका सरकारी विज्ञापन समानुपातिक ढङ्गले वितरणको व्यवस्था प्रतिष्ठानले मिलाउनेछ।

(२) उपदफा (१) बमोजिम विज्ञापन वितरणसम्बन्धी अन्य व्यवस्थाको लागि प्रतिष्ठानका कुनै सदस्यको संयोजकत्वमा तीन सदस्यीय विज्ञापन समन्वय समिति मन्त्रालयले गठन गर्न सक्नेछ।

(३) विज्ञापन समन्वय समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

४३. <u>पत्रकार प्रशिक्षण सम्बन्धी व्यवस्थाः</u> (१) प्रतिष्ठानले प्रदेशभित्रका पत्रकारको व्यवसायिक दक्षता अभिवृद्धि गर्न पत्रकार प्रशिक्षणको व्यवस्था गर्न सक्नेछ।

(२) प्रतिष्ठानले प्रशिक्षकको सूची र पाठ्यक्रम तयार गरी सार्वजनिक गर्नु पर्नेछ।

(३) मन्त्रालयले महिला, आदिबासी जनजाति, दलित, मधेसी अल्पसंख्यक, पछाडि परेका प्रशिक्षक तयार गर्नका लागि विशेष प्रोत्साहनको व्यवस्था गर्न सक्नेछ।

(४) अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४४. <u>प्रेस प्रतिनिधि सम्बन्धी व्यवस्था</u>ः (१) कुनै नेपाली वा विदेशी सञ्चारसम्बन्धी संस्थामा काम गर्ने पत्रकारले तोकिएको मापदण्ड पूरा गरी प्रेस प्रतिनिधि परिचयपत्र प्राप्त गर्न सक्नेछ।

(२) उपदफा (१) सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६

## <u>श्रमजीवी पत्रकार सम्बन्धी व्यवस्था</u>

४५. <u>न्यूनतम पारिश्रमिक अनुगमन गर्ने</u>ः (१) सञ्चार माध्यममा कार्यरत श्रमजीवी पत्रकार वा कामदारको न्यूनतम पारिश्रमिक संघीय कानून बमोजिम लागू भए नभएको सम्बन्धमा प्रतिष्ठानले अनुगमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमनबाट न्यूनतम पारिश्रमिक लागू भएको नदेखिएमा प्रतिष्ठानले सो लागु गर्न सम्बन्धित सञ्चार माध्यमलाई निर्देशन दिन सक्नेछ।

४६. <u>बीमा सम्बन्धी व्यवस्था</u>ः आमसञ्चार संस्थाले आफ्नो संस्थामा कार्यरत श्रमजीवी पत्रकारको तोकिए बमोजिमको बीमा गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

४७. **सामाजिक सुरक्षा सम्बन्धी व्यवस्थाः** सञ्चार माध्यमले आफ्नो संस्थामा कार्यरत श्रमजीवी पत्रकारको योगदानमा आधारित सामाजिक सुरक्षा कोषको व्यवस्था गर्नु पर्नेछ।

४८. **पत्रकारको सुरक्षाः** (१) प्रदेशभित्र फिल्ड रिपोर्टिङ्गमा खटिएको पत्रकारको सुरक्षाको सुनिश्चितता प्रदान गर्ने व्यवस्था मिलाउन मन्त्रालयले समन्वय तथा सहजीकरण गर्नेछ।

(२) फिल्ड रिपोर्टिङ्गको क्रममा कुनै पत्रकार घाइते भएमा निजको उपचारका लागि प्रतिष्ठानले उपचारको व्यवस्था मिलाउन सक्नेछ।

४९. **स्तनपान कक्ष सम्बन्धी व्यवस्थाः** (१) महिला सञ्चारकर्मीलाई काममा प्रोत्साहन गर्न सञ्चार संस्थाले स्तनपान कक्षको व्यवस्था गर्नु पर्नेछ।

(२) स्तनपान कक्ष सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५०. **पत्रकार कल्याण कोषको स्थापनाः** (१) पत्रकारिताको सिलसिलामा कुनै दुर्घटनामा परी घाइते वा कडा दीर्घरोगबाट पीडित हुने सञ्चारकर्मीका लागि उपचार वा छात्रवृति वा क्षमता अभिबृद्धिका लागि प्रतिष्ठानले पत्रकार कल्याण कोष स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७
## सजाय र पुनरावेदन

५१. **इजाजतपत्र रद्द हुन सक्ने**: (१) देहायको अवस्थामा प्रदेश प्रेस रजिष्ट्रारले प्रसारक वा संस्थाको इजाजतपत्र रद्द गर्न सक्नेछः-

(क) इजाजतपत्र लिएको एक वर्षसम्म प्रसारण प्रारम्भ नगरेमा,

(ख) कुनै मनासिब कारण विना एक वर्षभन्दा बढी समयसम्म प्रसारण बन्द गरेमा,

(ग) यस ऐन बमोजिम इजाजतपत्र नवीकरण नगरेमा।

(२) उपदफा (१) बमोजिम कारबाही गर्नुपूर्व प्रदेश प्रेस रजिष्ट्रारले प्रसारकलाई तोकिए बमोजिम सुनुवाइको मौका प्रदान गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम इजाजतपत्र रद्द भएको व्यहोराको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ।

५२. **जरिबानाको व्यवस्थाः** (१) देहाय बमोजिमको व्यवस्था उल्लङ्घन गरेमा पाँच हजार देखि बिस हजार रुपैयाँसम्म जरिबाना हुनेछः-

(क) दफा ४५ बमोजिम न्यूनतम पारिश्रमिक सम्बन्धी, दफा ४६ बमोजिम बीमा सम्बन्धी, दफा ४७ बमोजिम सामाजिक सुरक्षा सम्बन्धी र दफा ५० बमोजिम पत्रकार कल्याण कोष सम्बन्धी व्यवस्था नगरिएमा,

(२) देहाय बमोजिमको कसुर गरेमा दश हजार देखि पच्चिस हजार रुपैयाँसम्म जरिबाना हुनेछः-

(क) दफा १९ बमोजिम इजाजतपत्र नलिइ कार्यक्रम प्रसारण गरेमा,

(ख) दफा २४ बमोजिम नवीकरण नगरी सञ्चालन तथा प्रसारण गरेमा,

(ग) दफा ३५ बमोजिम अनुमति बिना क्षमता अभिवृद्धि गरेमा,

(घ) दफा ३६ बमोजिम अनुमति बिना कलसाइन परिवर्तन गरेमा,

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(३) उपदफा (१) र (२) मा उल्लेख भएको बाहेक यस ऐन वा ऐन अन्तर्गत बनेको नियमावली विपरीतको कार्य गरेमा दफा २७ बमोजिम कारबाही हुनेछ।

५३. <u>सफाइको मौका दिनुपर्ने</u>: यस ऐन बमोजिम कारबाही वा जरिबाना गर्नु अघि मनासिब सफाइको मौका दिनुपर्नेछ।

५४. <u>सजाय गर्ने अधिकारी</u>: यस ऐन बमोजिम कसूरसम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार प्रतिष्ठानलाई हुनेछ र कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिम हुनेछ।

५५. <u>पुनरावेदन</u>: यो ऐन बमोजिम भए गरेको सजाय उपर चित्त नबुझेमा सम्बन्धित व्यक्तिले पैतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद-८

## <u>विविध</u>

५६. <u>प्रदेश सरकारसँग सम्पर्क</u>: प्रतिष्ठानले प्रदेश सरकारसँग सम्पर्क गर्दा मन्त्रालय मार्फत गर्नुपर्नेछ।

५७. <u>आचारसंहिता उल्लङ्घन</u>: (१) कुनै आमसञ्चार माध्यम वा संस्था वा पत्रकारले व्यावसायिक आचारसंहिता उल्लङ्घन गरेमा प्रतिष्ठान समक्ष पीडित वा पीडितका परिवारका सदस्यले निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर आवश्यक छानबिन गरी प्रतिष्ठानले देहाय बमोजिम निर्देशन दिन सक्नेछः-

(क) मर्का पर्ने पक्षको भनाइ सम्बन्धित सञ्चार माध्यममा प्रकाशन वा प्रसारण गर्न लगाउने,

(ख) मर्का पर्ने पक्षसँग क्षमायाचना गरी सो कुरा सम्बन्धित सञ्चार माध्यममा प्रकाशन वा प्रसारण गर्न लगाउने,

(ग) मर्का पर्ने पक्षको कुनै टिप्पणी, लेख वा प्रकाशन सामग्री सम्बन्धित सञ्चार माध्यममा प्रकाशन वा प्रसारण गर्न लगाउने,

(घ) सचेत गराई प्रचलित कानून बमोजिम गर्ने।

(ङ) मर्का पर्ने पक्षको आर्थिक क्षति पुगेको भए तोकिए बमोजिमको क्षतिपूर्ति भराउन सक्नेछ।

(३) निर्देशन पालना नगर्ने सञ्चार माध्यमलाई यो ऐन बमोजिम दिने सहुलियत वा सुविधा उपलब्ध गराइने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(४) यो ऐनमा उल्लिखित प्रावधानले अन्य प्रचलित कानून बमोजिम अदालतमा नालिस, उजुर गर्न पाउने व्यवस्थालाई संकुचन गरेको मानिने छैन।

५८. <u>विशेष कार्यक्रम गर्न सकिनेः</u> प्रतिष्ठानले प्रदेशका श्रमजिवी पत्रकारहरूको हितको निमित्त देहायका कार्यक्रमहरू गर्न सकिनेछः-

(क) प्रदेश सरकारका सूचना, विज्ञापन र कार्यक्रममा प्रदेशभित्रकै सञ्चार माध्यमलाई प्राथमिकता दिइने,

(ख) प्रदेशभित्र सञ्चालित गैह्रनाफामूलक सामुदायिक, सहकारी र पत्रकारहरू मार्फत नै सञ्चालनमा रहेका सञ्चारमाध्यमलाई आवश्यक सहयोग र सहुलियत प्रदान गरिने,

(ग) प्रदेशका विधागत क्षेत्रमा योगदान पुऱ्याउने पत्रकारहरूको क्षमता अभिवृद्धिकालागि छुट्टै कार्यक्रमको व्यवस्था गर्न सकिनेछ।

५९. <u>नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सकिनेः</u> (१) यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(२) उपदफा (१) बमोजिम बनेको नियमको अधीनमा रही मन्त्रालयको सहमतिमा प्रतिष्ठानले आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ।

६०. प्रचलित कानून बमोजिम हुनेः यस ऐनमा लेखिएको विषयको हकमा यसै ऐन बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

६१. अनुसूचीमा संशोधनः यो ऐनको अनुसूची प्रदेश सरकारले आवश्यकता अनुसार हेरफेर वा संशोधन गर्न सक्नेछ।

६२. खारेजी र बचाउः यो ऐन लागु भएपछि प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धी ऐन, २०७५ खारेज हुनेछ र सो ऐन बमोजिम भएको काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

अनुसूची-१

(दफा १४ को उपदफा (४) सँग सम्बन्धित)

**प्रदेश प्रेस रजिष्ट्रारको पारिश्रमिक तथा सेवा सुविधा**

| क्र.सं | सुविधाको प्रकार | इकाई दर | सुविधा |
|---|---|---|---|
| १. | पारिश्रमिक | मासिक रुपैयाँ | नवौं तह वा सो सरह। |
| २. | घर भाडा, धारा,बिजुली,टेलिफोन, इन्टरनेट, पत्रपत्रिका र इन्धन खर्च बापत एकमुष्ट सुविधा<br>तर बिराटनगर महानगरपालिका देखि १५ किलोमीटर भित्र प्रदेश प्रेस रजिष्ट्रारको घर भएमा निजलाई घर मर्मत तथा सरसफाई बापत मात्र रु ७५००।- | प्रति महिना रुपैयाँ | १८,०००।- |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | |
|---|---|---|---|
| | प्रतिमहिना उपलब्ध हुनेछ। | | |
| ३. | दैनिक तथा भ्रमण भत्ता तथा बैठक भत्ता | प्रचलित प्रदेश कानून बमोजिम। | |
| ४ | बिदा | प्रदेश निजामती सेवा नियमावली बमोजिम पर्व विदा- ६ दिन , भैपरी विदा- ६ दिन, विरामी विदा- १२ दिन ,मृत्यु संस्कार विदा- १५ दिन, प्रसुति विदा- ९८ दिन र प्रसूति स्याहार विदा- १५ दिन | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

अनुसूची -२

(दफा १९ सँग सम्वन्धित)

## इजाजतपत्रको निवेदनको ढाँचा

श्रीमान् प्रदेश प्रेस रजिष्ट्रारज्यू,
कोशी प्रादेशिक सञ्चार प्रतिष्ठान,
कोशी प्रदेश, विराटनगर।

कोशी प्रदेश आम सञ्चार ऐन, २०८२ को दफा २० बमोजिम रेडियो/एफ. एम./टेलिभिजन प्रसारण गर्ने इजाजत पत्र प्राप्त गर्नको लागि देहायको विवरणहरू खुलाई यो निवेदन पेस गरेको छु/छौं।

१. निवेदकको,

| (क) स्थायी ठेगाना | (ख) अस्थायी ठेगाना |
|---|---|
| प्रदेशः | प्रदेशः |
| जिल्लाः | जिल्लाः |
| .................पालिका | ..........पालिका |
| वडा नं.: | वडा नं.: |
| टोलः | टोलः |
| फोन नंः | फोन नंः |
| मोबाइल नं. | मोबाइल नं. |
| फ्याक्स नं.: | फ्याक्स नं.: |
| नागरिकता लिएको जिल्ला : | इमेल ठेगाना : |

नागरिकता नं. र नागरिकता जारी भएको मिति :



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

२. प्रसारण संस्था वा व्यक्तिको,

(क) नाम :

(ख) आर्थिक स्थिति (स्थिर वा चालु पुँजी)

(ग) अनुभव :

(घ) प्राविधिक दक्षता :

(ङ) संस्था दर्ता नं. (संस्थाको हकमा)

३. संयुक्त (साझेदारी) प्रसारण संस्था संचालन गर्ने भएः

(क) संयुक्त (साझेदार) संस्थाको नाम :

(ख) संयुक्त (साझेदार) संस्था प्रत्येकको ठेगानाः

(ग) प्रत्येक संयुक्त (साझेदार) को लगानी हिस्सा प्रतिशतमा :

(घ) विदेशी व्यक्ति वा संस्थाको हकमा संघीय सरकारको अनुमतिपत्रको मिति :

(ङ) संघीय सरकारबाट अनुमति दिने अधिकारीको नाम, पद

४. प्रसारण गरिने स्थान :

५. प्रसारण हुने क्षेत्र :

६. प्रसारण शुरु हुने मिति :

७. प्रसारणको माध्यम :

(क) डिजिटल

(ख) ब्याण्ड

(ग)च्यानल

(घ)एण्टेना

(ङ)ट्रान्समिटर

अन्य सञ्चार माध्यम भए(प्रसारण गर्दा प्रयोग गरिने माध्यम खुलाउने)

८. प्रसारणको क्षमता :

९. प्रसारण गर्ने तरिका -

(क) डिजिटल प्रसारण केन्द्र स्थापना गरी प्रसारण गर्ने

(ख) डिजिटल प्रसारण केन्द्र स्थापना गरी अन्य केबुल प्रसारकलाई सिग्नल वितरण गर्ने

१०. प्रसारण गर्दा प्रयोग गरिने फ्रिक्वेन्सी र च्यानेल :

११. प्रसारणमा प्रयोग गरिने चिन्ह, संकेत वा लोगो :

१२. प्रसारण गर्दा प्रयोग गरिने यन्त्र तथा उपकरणहरूको छुट्टै विस्तृत विवरण :

१३. प्रसारण सम्बन्धमा उपभोक्ता तथा अन्य व्यक्ति वा निकायसँग सम्झौता गरिएको भए
सो सम्झौताः

१४. प्रसारणमा प्रयोग हुने भाषा :

१५. प्रसारणको समयावधि :

१६. प्रसारण गरिने कार्यक्रमहरू :

माथि लेखिएका व्यहोरा ठीक साँचो छ, झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदककोः-

| संस्थाको छाप |
| --- |

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

सही :

नाम :

मिति :

<u>कार्यालय प्रयोजनका लागि</u>

रुजू गर्ने अधिकारीको नाम :

दर्जा : दस्तखत :

मिति :

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची-३

(दफा २०, दफा २१, दफा २३ र दफा २४ सँग सम्बन्धित)

<u>निवेदन, इजाजतपत्र तथा नवीकरण दस्तुर</u>

१. रेडियो एफ. एम. को प्रसारण केन्द्र स्थापनाका लागिः-

(क) निवेदन बापतको दस्तुर - रु. दुई हजार,

(ख) प्रसारण केन्द्र स्थापना इजाजत बापतको दस्तुर

१. १०० वाटभन्दा माथि २५० वाटसम्मको लागि रु. एकलाख पचास हजार

२. २५० वाटभन्दा माथि ५०० वाटसम्मको लागि रु. तीन लाख

३. ५०० वाटभन्दा माथि १००० वाटसम्मको लागि रु. सातलाख पचास हजार,

(ग) इजाजतपत्र नवीकरण बापतको दस्तुर

१. १०० वाटभन्दा माथि २५० वाटसम्मको लागि पन्ध्र हजार

२. २५० वाटभन्दा माथि ५०० वाटसम्मको लागि तीस हजार रुपैंया

३. ५०० वाट भन्दा माथि १००० वाटसम्मको लागि पचहत्तर हजार रुपैया,

२. टेलिभिजन प्रसारण केन्द्र (स्याटेलाईट बाहेक) स्थापनाको अनुमतिको लागि निवेदन दस्तुर र इजाजत नवीकरण बापतको दस्तुर

(क) निवेदन बापतको दस्तुर

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(१) स्याटेलाईट टेलिभिजन बाहेकका केवुल टेलिभिजन वा अन्य सञ्चार गर्न - रु. पाँच हजार

(२) डाउनलिंक र सिग्नल वितरणको लागि - रु. पाँच हजार

**(ख) इजाजतपत्र बापत लाग्ने दस्तुर**

(१) महानगरपालिका क्षेत्रभर कार्यक्रम प्रसारण गर्नको लागि -रु. एक लाख

(२) उपमहानगरपालिका क्षेत्रभर कार्यक्रम प्रसारण गर्नको लागि -रु. पचास हजार

(३) नगरपालिकाभर कार्यक्रम प्रसारण गर्नका लागि -रु.पच्चिसस हजार

(४) महानगरपालिकासँग सिमाना जोडिएका प्रत्येक गाउँपालिकामा कार्यक्रम प्रसारण गर्नको लागि -रु. पन्ध्र हजार

(५) उपमहानगरपालिकासँग सिमाना जोडिएका प्रत्येक गाउँपालिकामा कार्यक्रम प्रसारण गर्नको लागि - रु. १०,०००।–

(६) दुर्गम र अति विकट गाउँपालिकाका लागि - रु. एक हजार

(७) खण्ड (४), (५) र (६)

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

बाहेकका अन्य प्रत्येक गाउँपालिकामा
कार्यक्रम प्रसारण गर्नको लागि - रु. दुई हजार

द्रष्टव्यः- दुर्गम र अति विकट गाउँपालिका भन्नाले ताप्लेजुङ, पाँचथर, तेह्रथुम, भोजपुर, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ्गका सदरमुकाममा पर्ने नगरपालिका बाहेकका अन्य गाउँपालिका सम्झनु पर्दछ।

**(ग) इजाजतपत्र नवीकरण बापत लाग्ने दस्तुर**

(१) महानगरपालिका क्षेत्रभर कार्यक्रम
प्रसारण गर्नेको लागि -रु. एक हजार

(२) उपमहानगरपालिका क्षेत्रभर

(३) कार्यक्रम प्रसारण गर्नको लागि -रु. पाँच सय

(४) नगरपालिकाभर कार्यक्रम
प्रसारण गर्नका लागि -रु दुई सय पचास

(५) महानगरपालिकासँग सिमाना
जोडिएका प्रत्येक गाउँपालिकामा
कार्यक्रम प्रसारण गर्नको
लागि -रु. एक सय पचास

(६) उपमहानगरपालिकासँग सिमाना
जोडिएका प्रत्येक गाउँपालिकामा
कार्यक्रम प्रसारण गर्नको लागि -रु.एकसय

(८) दुर्गम र अति विकट गाउँपालिकाका
लागि - रु. एकसय

(९) खण्ड (४), (५) र (६) बाहेकका

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अन्य प्रत्येक गाउँपालिकामा कार्यक्रम प्रसारण गर्नको लागि रु. दुई सय

द्रष्टव्यः– दुर्गम र अति विकट गाउँपालिका भन्नाले ताप्लेजुङ, पाँचथर, तेह्रथुम, भोजपुर, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ्गका सदरमुकाममा पर्ने नगरपालिका बाहेकका अन्य गाउँपालिका सम्झनु पर्दछ।

**(घ) इजाजतपत्र नवीकरण बापतको दस्तुर**

१. केवुल टेलिभिजन प्रसार केन्द्र स्थापना गरी कार्यक्रम प्रसारणका लागि -रु. पचास हजार

२. सिग्नल वितरणका लागि -रु. एक हजार पाँचसय

३. इन्टरनेट प्रोटोकलमा आधारित टेलिभिजन (आइपिटिभी) प्रणालीबाट कार्यक्रम प्रसारण गर्नका लागि प्रति च्यानलका लागि -रु. दुई हजार पाँचसय

४. डिजिटल प्रविधिमा आधारित सिग्नल वितरण गर्नका लागि र आफैंले प्रदेशभर केवुलको माध्यमबाट ग्राहक समक्ष कार्यक्रम वितरण गर्न जतिसुकै च्यानल भएपनि - रु. एक लाख

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची-४

(दफा २१ सँग सम्बन्धित)

## प्रसारण इजाजतपत्रको ढाँचा

इजाजत पत्र नं. :

१. इजाजत पत्र पाउने व्यक्ति वा संस्थाको नामः

२. ठेगाना :

| क) स्थायी ठेगाना : | ख) अस्थायी ठेगानाः |
|---|---|
| प्रदेशः | प्रदेशः |
| जिल्ला : | जिल्ला : |
| स्थानीय तह : | स्थानीय तह : |
| वडा नं. : | वडा नं. : |
| गाउँ/ टोल : | गाउँ/ टोल : |
| फोन नं. : | फोन नं. : |
| मोबाइल नम्बरः | मोबाइल नम्बरः |
| इमेल : | इमेल : |

३. संस्था भए :

संस्थाको नाम :

संस्था दर्ता र मिति :

४. संयुक्त (साझेदार) प्रसारण संस्था सञ्चालन गर्ने भएः

क) संयुक्त (साझेदार) संस्थाको नाम :

ख) संयुक्त (साझेदार) संस्था प्रत्येकको ठेगानाः

ग) प्रत्येक संयुक्त (साझेदार) को लगानी हिस्सा प्रतिशतमा :

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

घ) विदेशी व्यक्ति वा संस्थाको हकमा संघीय सरकारको अनुमति पत्रको मिति :

ङ) संघीय सरकारबाट अनुमति दिने अधिकारीको नाम, पद

५. व्यक्ति भए :

नागरिकता लिएको जिल्ला

मिति र नागरिकता नं. :

६. प्रसारण गर्दा प्रयोग गरिने :

क) फ्रिक्वेन्सी : ख) ब्याण्डः

ग) च्यानल : घ) ट्रान्समिटर :

ङ) एण्टेनाः

(अन्य विवरण भए सो समेत खुलाउने)

७. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्र :

८. प्रसारण हुने क्षेत्र र जनसङ्ख्या :

९. प्रसारण सुरु हुने मिति :

१०. प्रसारणमा प्रयोग हुने भाषा :

११. प्रसारण क्षमता :

१२. प्रसारण समय र समयावधि :

१३. प्रसारण गरिने कार्यक्रमहरू :

१४. प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरू :

१५. इजाजतपत्र बहाल रहने मिति :

१६. प्रसारण गर्दा पालना गर्नु पर्ने सर्तहरू :

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(क) कार्यक्रम पालना गर्दा प्रचलित कानूनको पालना गर्नु पर्नेछ।

(ख) कोशी प्रदेश आमसञ्चार ऐन, २०८२ र सो अन्तर्गतको नियमावलीमा तोकिएका सर्तका अतिरिक्त मन्त्रालयले समय समयमा तोकिदिएका अन्य सर्तहरूको समेत पालना गर्नुपर्नेछ।

(ग) प्रचलित कानूनद्वारा तोकिएको मापदण्ड बमोजिमको स्टुडियो र प्रविधिको प्रयोग गर्नु पर्नेछ।

छाप : इजाजत पत्र दिने अधिकारीको :

सही :

मिति : नाम :

दर्जा :

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

अनुसूची- ५

(दफा २४ को उपदफा (१) सँग सम्वन्धित)

**<u>नवीकरणका लागि दिइने निवेदनको ढाँचा</u>**

श्रीमान् प्रदेश प्रेस रजिष्ट्रारज्यू,
कोशी प्रदेश प्रादेशिक सञ्चार प्रतिष्ठान,
कोशी प्रदेश, विराटनगर।

मैले/ हामीले मिति.............................. मा प्राप्त गरेको इजाजत पत्र  नं. ............ आ.व. ................ को लागि नवीकरण गरिदिन नवीकरण दस्तुर समेत बुझाई ( भौचर नं........... मिति ....................................) श्रीमान समक्ष (आवश्यक कागजात संलगन गरी) अनुरोध गर्दछु/गर्दछौं।

.................
निवेदक

संलग्न

१. निवेदन
२. सक्कल इजाजत पत्र
३. भौचर/रसिद
४. प्रसारण तथा वितरण शुल्क बुझाएको प्रमाण
५. अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाण पत्र र लेखापरीक्षण प्रतिवेदन
६. कार्यतालिका तथा जनशक्तिको संख्या
७. ठाउँसारी भए सोको इजाजत सम्बन्धी प्रमाण।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची- ६

(दफा २४ को उपदफा (२) सँग सम्बन्धित)

## <u>इजाजतपत्र को नवीकरण प्रमाणपत्रको ढाँचा</u>

इजाजत पत्र नं. :

१. इजाजत पत्र पाउने व्यक्ति वा संस्थाको नाम :

२. ठेगाना :

| | |
|---|---|
| (क) स्थायी ठेगाना : | (ख) अस्थायी ठेगाना : |
| प्रदेश : | प्रदेश : |
| जिल्ला : | जिल्ला : |
| नगरपालिका/गाउँपालिका | नगरपालिका/गाउँपालिकाः |
| वडा नं. : | वडा नं. : |
| गाउँ/ टोल : | गाउँ/ टोल : |
| फोन नं. | फोन नं. : |
| मोबाइल नं. | मोबाइल नं. |

३. प्रसारण संस्था वा व्यक्तिको नाम :

४. प्रसारणको माध्यम :

५. प्रसारणको क्षमता :

६. प्रसारण गर्दा प्रयोग गरिने :

(क) फ्रिक्वेन्सी : (ख) व्याण्डः

(ग) च्यानल : (घ) ट्रान्समिटर :

(ङ) एण्टेनाः

७. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्र :

८. प्रसारण हने क्षेत्र र जनसङ्ख्या :



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

९. प्रसारण शुरु हुने मिति :

१०. प्रसारणमा प्रयोग हुने भाषा :

११. प्रसारणको समय र अवधि :

१२. प्रसारण गरिने कार्यक्रमहरू :

१३. इजाजत पत्र बहाल रहने मिति :

१४. अन्य सर्तहरू :

(क)

(ख)

(ग)

छाप :

इजाजत पत्र दिने अधिकारीको :

सही:

नाम :

मिति :- दर्जा:

मन्त्रालय:

<u>नवीकरणको विवरण</u>

आर्थिक वर्ष .........

नवीकरण दस्तुर तथा अन्य विवरण ............

नवीकरण मिति .......

नवीकरण गर्ने अधिकारीको दस्तखत................

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

# अनुसूची- ७

(दफा २४ को उपदफा (३) सँग सम्बन्धित)

**इजाजतपत्र नवीकरण सम्बन्धमा देहाय बमोजिम जरिबाना लाग्नेछः-**

| | |
|---|---|
| अवधि नाघेको पहिलो महिनाका लागि | अनुसूची-३ मा उल्लिखित सम्बन्धित बिषयसँग तोकिएको इजाजतपत्र दस्तुरको थप दस प्रतिशत जरिबाना |
| अवधि नाघेको दोस्रो महिनाका लागि | अनुसूची-३ मा उल्लिखित सम्बन्धित बिषयसँग तोकिएको इजाजतपत्र दस्तुरको थप बिस प्रतिशत जरिबाना |
| अवधि नाघेको तेस्रो महिनाका लागि | अनुसूची-३ मा उल्लिखित सम्बन्धित बिषयसँग तोकिएको इजाजतपत्र दस्तुरको थप चालिस प्रतिशत जरिबाना |
| अवधि नाघेको चौथो महिनाका लागि | अनुसूची-३ मा उल्लिखित सम्बन्धित बिषयसँग तोकिएको इजाजतपत्र दस्तुरको थप असी प्रतिशत जरिबाना |

| | |
|---|---|
| अवधि नाघेको एक वर्षका लागि | अनुसूची ३ मा उल्लिखित सम्बन्धित बिषयसँग तोकिएको इजाजतपत्र दस्तुरको थप सतप्रतिशत जरिबाना |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

प्रमाणीकरण मितिः- २०८३/०१/०७

आज्ञाले,
अस्मान तामाङ
प्रदेश सचिव